ISSN NO . 2676–1297

# वाक्य विश्लेषणको स्वरूप र प्रक्रिया

**माधव लम्साल***

***अध्ययनसार***

*वाक्य विश्लेषण निरूपण लेखमा सर्वप्रथम वाक्यको सामान्य परिचय दिइएको छ । विषयवस्तुलाई प्रष्ट्याउन अलग-अलग उपशीर्षक राखी विषय परिचयमा विषयवस्तु खुलाउन 'वाक्य विश्लेषण' को विषयवस्तुलाई चिनारीका रूपमा प्रस्तुत गरिएको छ । वाक्यको आवश्यक तत्त्व योग्यता, आकाङ्क्षा र आसत्तिलाई सामान्य परिचय दिई त्यसका उपकरणको चर्चा गर्दै सरल वाक्य, संयुक्त वाक्य र मिश्रवाक्यको सटीक व्याख्या गरिएको छ । प्राज्ञिक समस्याका रूपमा नेपाली वैयाकरण परम्परामा वाक्यको महनीय स्थान छ भन्ने निरूपण गर्ने उद्देश्य किटान गरिएको छ । सामग्री सङ्कलन तथा विश्लेषणका क्रममा पुस्तकालयीय अध्ययनको उपयोग गरी विश्लेषण गरिएको छ । सैद्धान्तिक पर्याधारका रूपमा पूर्वीय-पाश्चात्य व्याकरणात्मक सिद्धान्तको प्रयोग गरिएको छ । यसअघि भए-गरिएका पूर्वकार्यको सामान्य चर्चा गरी विश्लेषणतर्फ अघि बढिएको छ । वाक्यको परिचय रचना पद्धतिलगायतका विश्लेषणीय पक्षलाई अँगाल्दै वाक्यमा प्रयुक्त विभिन्न घटकहरूको विश्लेषण गरिएको छ र वाक्यमा विभिन्न घटक हुन्छन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**प्रमुख शब्दावली** : प्रकारन्तर, संरचनास्तर, निर्विवाद, महाकाव्य, सखण्ड ।

## १.विषयपरिचय

वाक्य भाषाको महत्त्वपूर्ण एकाइ हो । वाक्य उपवाक्यभन्दा माथिल्लो एकाइ भएकाले यसका सङ्घटक एकाइका रूपमा उपवाक्यलाई आधारभूत एकाइका रूपमा लिइन्छ। वाक्यलाई पूर्वमा पाणिनि र पाश्चात्य जगत्मा थ्याक्सबाट विकसित भएको अवधारणाका रूपमा लिइन्छ। वाक्यलाई भाषामा शब्द-शब्दबाट निर्मित एकाइका रूपमा लिइन्छ र पूर्णविराम लगाएर टुङ्ग्याइन्छ। पूर्णविराम भन्नाले ठाडो धर्सो, प्रश्न चिह्न र उद्गार चिह्नलाई लिने गरिन्छ, सामान्य कथनमा ठाडो धर्को (।), प्रश्न वाक्यमा प्रश्नसूचक चिह्न (?) र विस्मयबोधक वाक्यमा विस्मयसूचक चिह्न (!) द्वारा जनाइन्छ तर पाश्चात्य परम्परामा भने सामान्य कथनलाई पूर्णता दिनका लागि थोप्लो(.) द्वारा वाक्य टुङ्ग्याइन्छ। वाक्यलाई उपवाक्यभन्दा ठूलो र अनुच्छेदभन्दा सानो भाषिक एकाइका रूपमा लिइन्छ। यसका संरचनामा एक वा एकभन्दा बढी उपवाक्यहरू आएका हुन्छन्, पूर्वमा आकङ्क्षा, योग्यता र आसत्तियुक्त प्रावधानलाई वाक्यका आधारभूत एकाइ मानिन्छ भने आधुनिक व्याकरणात्मक धारामा कर्ता, कर्म, विशेषण र क्रियालाई अनिवार्य वाक्यात्मक तत्त्व स्वीकार गरी क्रियाविशेषणलाई ऐच्छिक तत्त्वका रूपमा रूपायन गरेको पाइन्छ। पूर्वीय भाषा चिन्तकहरू योग्यता, आकाङ्क्षा तथा आसत्तियुक्त पदोच्चयलाई अनिवार्य वाक्यात्मक घटकका रूपमा लिइन्छ। पाश्चात्य चिन्तकहरू वाक्यात्मक घटकका रूपमा कर्ता, कर्म, विशेषण, क्रिया र क्रियाविशेषणलाई आधारस्तम्भका रूपमा लिइन्छ। वाक्य विश्लेषणका क्रममा योग्यता, आकाङ्क्षा तथा आसत्ति र कर्ता, कर्म, विशेषण क्रिया तथा क्रियाविशेषणलाई आधार मान्दै सरल, संयुक्त, मिश्र, मिलित, प्रश्नवाक्य, आज्ञार्थक वाक्य तथा विस्मयादिबोधक वाक्यलाई विश्लेषणका खाकामा ल्याएर विश्लेषण गरिएको छ। प्रस्तुत लेखमा वाक्यको विश्लेषण गरी त्यसको निरूपण गर्ने विषयलाई आधार मानी नेपाली व्याकरणमा प्रचलित केही वाक्यलाई छनोट गरी त्यसमा प्रयुक्त, सरल, संयुक्त, मिश्र, मिलित तथा प्रश्नार्थक, आज्ञार्थक र विस्मयादिबोधक वाक्यको पहिचान, गरी तिनको परिचय, प्रयोग, प्रक्रियासम्बन्धी वर्णन र विश्लेषण गरिएको छ। त्यसक्रममा गुणात्मक र

* लेखक त्रिभुवनविश्वविद्यालयअन्तर्गत पाटनबहुमुखी क्याम्पसका सहप्राध्यापक हुन् ।

विश्लेषणात्मक दुवै प्रकृतिका ढाँचा एवम् आगमन तथा निगमन विधिको प्रयोग गरिएको छ। वाक्यका आवश्यक अङ्गको निरूपणका क्रममा सम्बन्द्ध विषयका पुस्तकबाट तथ्य ग्रहण गरी अध्ययनबाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ।

## २. सैद्धान्तिक पर्याधार

प्रस्तुत लेखमा सैद्धान्तिक आधारका रूपमा पूर्वीय पाश्चात्य वैयाकरणात्मक सिद्धान्तलाई उपयोग गरिएको छ। त्यसक्रममा पाणिनि, कात्यायन, पतञ्जलि तथा डानियल थ्याक्स आदि वैयाकरणका व्याकरणसम्बन्धी मान्यता र परिभाषालाई समेटी वाक्य-विश्लेषण सम्मको निष्कर्ष निकालिएको छ।

### १.१ वाक्यको परिचय र विशेषता

उपवाक्यभन्दा ठूलो र अनुच्छेदभन्दा सानो भाषिक एकाईलाई वाक्य भनिन्छ। यसको संरचनामा एक वा एकभन्दा बढी उपवाक्यहरू आएका हुन्छन्। वाक्यका आकाङ्क्षा, योग्यता र आसत्तिको व्याख्याका क्रममा प्रकारान्तरको स्पष्टीकरण यस प्रकार छन्। वाक्यमा प्रयोग गर्दाका समय पदसम्बन्धी तीन विशेषता पाइन्छन् -(१) चयन, (२) क्रम र (३) आपरिवर्तन (शर्मा र शर्मा, २००२, पृ.२४५)। वाक्यविश्लेषणको क्रम पूर्वमा पतञ्जलि र पश्चिममा थ्र्याक्सबाट आरम्भ भएको मानिन्छ। ईसापूर्व भाषशास्त्रीय तत्त्व चिन्तकहरूमा पूर्वमा पतञ्जलि (१५० ई.पू.का लगभग) र युरोपमा डायोनिसियस थ्र्याक्स (प्रथम शताब्दी इ.पू.) को नाम उल्लेखनीय देखिन्छ। दुवै आचार्यहरूले वाक्यको परिभाषा यसप्रकार दिएका छन् - 'पूर्ण अर्थको प्रतीति गराउने शब्द- समूहलाई वाक्य भनिन्छ।' (द्विवेदी, १९९४, पृ.३२०- ३२१) वाक्य भाषाको आधारभूत एकाइ भएकाले रचनामा यसको स्थान महत्त्वपूर्ण छ। बनौटका दृष्टिले वाक्यमा ध्वनि, रूप, शब्द, शब्दावली र वाक्यांश हुन्छन्। प्रकार्यका दृष्टिले चाहिँ शब्द नै वाक्यका मुख्य एकाइ हुन्। यसरी पूरा भाव प्रकट गर्ने शब्दसमूहलाई 'वाक्य' भनिन्छ (पराजुली, २०५०, पृ.१९७)।

पूर्वीय र पश्चिमी दृष्टिकोणअनुसार भाषाको आधारभूत एकाइ वाक्य हो जसबाट अर्थ सम्प्रेषण र बोध दुवै प्रक्रिया सम्पन्न हुन्छन्। समग्र कथन पनि अर्थात् महावाक्य पनि वस्तुतः वाक्य नै हो। यसैले भाषिक संरचनास्तर र संरचित विन्यास क्रमका सन्दर्भमा वाक्य अन्तिम सीमा हुन्छ र भाषामा वाक्य नाभिकीय हुन्छ। वाक्य केन्द्र हुन पुग्दा अन्य स्तरका घटकहरू परिधीय मानिन्छन्। (न्यौपाने, २०५१, पृ.३०३) वाक्य भाषाको सबैभन्दा महत्त्वपूर्ण एकाइ हो। मानिस आफ्ना जीवनकालमा अनेक प्रकारका वाक्यको प्रयोग गर्दछ। वाक्यकै आधारमा अनेक भाषिक चिन्तन र विश्लेषण हेर्दै आएका पनि छन् त र वाक्यलाई परिभाषित गर्ने सन्दर्भमा अनेकरूपतामात्र होइन जटिलता र अस्पष्टताहरू उत्तिकै आएका छन्। वाक्य के हो ? प्रत्येक मान्छेलाई थाहा छ तर कुनै परिभाषामा बाध्य सामान्य मानिसले त के कुरा ठुलाठुला वैयाकरण र भाषाशास्त्रीहरूले पनि आफैँ निर्विवाद रूपमा सकेका छैनन् (न्यौपाने, २०५१, पृ. ३३०)।

कुनै पनि वाक्य तात्त्विक रूपले पूर्ण अर्थबोध गराउन सक्दैन। यो विचारधाराको एक अंश हुन्छ। पूरा भाषण या पूरा पूरा ग्रन्थ नै पूर्ण अर्थको बोधक हुन्छ। त्यसलाई हामी महावाक्य भन्दछौँ। वाक्य त्यसको एक अंश हुन्छ। पतञ्जलिले वाक्यको सत्ताका साथै महावाक्यको सत्ताका साथै महावाक्यको सत्ता पनि मानेका छन् र वाक्यलाई अङ्ग मानेका छन् -

**यथा सा चावश्यं वाक्यसंज्ञा वक्तव्या, समानवाक्यधिकारश्च।**

(पतञ्जलिः महाभाष्यः २-२ - १)

वाक्यको निर्विवाद परिभाषा दिन नसकिए पनि व्यावहारिक दृष्टिले वाक्यको परिभाषा यसप्रकार दिन सकिन्छ। भाषाको लघुतम पूर्ण सार्थक एकाईलाई वाक्य भनिन्छ।

**१.२ वाक्यको अनिवार्य तत्त्व**

अभिहितावयवादी आचार्य कुमारिल भट्ट आदि आचार्यहरूले वाक्यका तीन तत्त्वलाई अनिवार्य बताएका छन् । ती यसप्रकार छन् -आकाङ्क्षा, योग्यता र आसत्ति (सन्निधि) यसैलाई आचार्य विश्वनाथले साहित्य दर्पणमा निम्नलिखित रूपमा प्रस्तुत गरेका छन् ।

**वाक्य स्याद् योग्यताकाङ्क्षासत्तियुक्तः पदोच्चयः ।**

पूर्वीय भाषाचिन्तनअनुसार एउटा पूर्ण अर्थको अभिव्यक्तिका लागि वाक्यलाई नियन्त्रण गर्ने केही आधारभूत हुन्छन् । खास गरेर सखण्ड वाक्यवादीहरू (नैयायिक, मीमांसक) का विचारमा यी तत्त्व हुन् - आकाङ्क्षा, योग्यता र आसक्ति । यी तीन तत्त्वका अभावमा वाक्य हुँदैन भन्दै विश्वनाथले वाक्य स्याद्योग्यतांक्षासत्तियुक्त पदोच्चयः अर्थात् वाक्य भनेको योग्यता, आकाङ्क्षा र आसक्तियुक्त पदसमूह हो । यिनीहरूको सङ्क्षिप्त परिचय निम्नलिखित रूपमा तल प्रस्तुत गरिन्छ ।

**१.२.१ आकाङ्क्षा**

आकाङ्क्षाको अर्थ जान्न इच्छा हो वाक्यमा प्रयुक्त शब्दले एक अर्काको अपेक्षा गर्दछन् । आकाङ्क्षालाई विभिन्न ढङ्गले परिभाषित गरिएको पाइन्छ । कर्तालाई कर्म र क्रियाको अपेक्षा रहन्छ । कर्मलाई कर्ता एवम् क्रियाको तथा क्रियालाई कर्ता एवम् कर्मको अपेक्षालाई जिज्ञासा भनिन्छ । यिनै अपेक्षा वा जिज्ञासा पूर्ति हुने पदबाट वाक्य बन्दछ । आकाङ्क्षा पूर्तिबिना वाक्य अपूर्ण रहन्छ, यसका लागि वाक्यमा पद आकाङ्क्षा हुन अनिवार्य छ । आकाङ्क्षाका कारण वाक्यमा पद परस्पर सम्बद्ध रहन्छन् । केवल सीता भन्नासाथ वाक्य पूरा हुँदै । उसले अब के गर्छे भन्ने जिज्ञासा रहन्छ । घर जान्छे भन्नासाथ वाक्य पूरा हुन्छ । यस वाक्यमा सीता कर्ता, घर अधिकरण र जान्छे क्रिया परस्पर आकाङ्क्षा युक्त भएका छन् (पौड्याल, २०६१, पृ.३२८-३२९) ।

केहीले आकाङ्क्षालाई स्रोताको जिज्ञासा मानेका छन् तर उदयन यसको खण्डन गर्दछन् । आकाङ्क्षालाई स्रोताको जिज्ञासा मान्दा 'यो कपडा हो' जस्ता वाक्यमा अनेक जिज्ञासा उठ्न सक्छन् । कसको कपडा, कस्तो कपडा, कति मिटर कपडा आदि । यी जिज्ञासाको तृप्ति हजारौँ वाक्यबाट गर्न सकिँदैन । जे होस् संस्कृत वैयाकरणहरू आकाङ्क्षालाई वाक्यको एउटा अनिवार्य नियामक तत्त्व मान्दछन् , जसको सम्बन्ध पदका अर्थसँग हुन्छ (न्यौपाने, २०५१, पृ.३३३) ।

**१.२.२ योग्यता**

योग्यताको अर्थ पदहरूमा पारस्परिक सम्बन्धको योग्यता वा क्षमता हो । अर्थात् पदबाट जे अर्थ निस्किन्छ तिनलाई क्रियात्मक रूप दिने योग्यता वा क्षमता हुनुपर्दछ । यसको अभिप्राय पदहरूको अन्वयमा कुनै बाधा नआओस् । पदहरूको अन्वयमा दुई प्रकारले बाधा पर्दछ -

क) अर्थमूलक र

ख) व्याकरण मूलक । (द्विवेदी, १९९४, पृ. ३२३) यस प्रकार विश्वनाथले आकाङ्क्षा, योग्यता र आसत्तिले युक्त पदहरूको समूहलाई वाक्य भनिन्छ । यसै प्रकार गुणले युक्त वाक्यहरूको समूहलाई महावाक्य नाम दिएको पाइन्छ । सबै काव्य, महाकाव्य आदि ग्रन्थ महाकाव्य बन्दछन् ।

**१.३ वाक्यको पहिचान र प्रयोग**

उपवाक्यभन्दा ठूलो र अनुच्छेदभन्दा सानो भाषिक एकाइलाई वाक्य भनिन्छ । यसको सरचनामा एक वा एकभन्दा बढी उपवाक्यहरू आएका हुन्छन् । वाक्यको संरचनामा एक वा एकभन्दा बढी उद्देश्य र एक वा एकभन्दा बढी विधेय रहन्छन् । वाक्यको निर्माण उपवाक्यबाट हुन्छ । उपवाक्य नै वाक्यका संरचक घटक हुन् ।

१. उज्यालो भयो । -एउटा स्वतन्त्र उपवाक्यबाट बनेको वाक्य ।

घाम लाग्यो । - एउटा स्वतन्त्र उपवाक्यबाट बनेको वाक्य ।

२. जब घाम लाग्यो तब उज्यालो भयो । - आश्रित उपवाक्य स्वतन्त्र (प्रधान) उपवाक्यबाट बनेको वाक्य ।

३. घाम लाग्यो । उज्यालो भयो । स्वतन्त्र उपवाक्यबाट बनेको वाक्य ।

वाक्यका निम्नलिखित विशेषता देखाउन सकिन्छ :

१. यो उपवाक्यभन्दा माथिल्लो एकाइ हो । यसको संरचनामा कम्तीमा एउटा स्वतन्त्र उपवाक्य आउँछ ।

२. यो स्वतन्त्र भाषिक एकाइ हो ।

३. यो पुरा कुरा बुझाउने अर्थयुक्त एकाइ हो । उद्देश्य र विधेय दुवै खण्ड हुनु यसको पूर्णताको सूचक हो ।

४. यो समापक विरामले युक्त एकाइ हो । लेखाइ वा बोलाइमा पूर्णविरामका साथ यो टुङ्गिन्छ ।

५. यस प्रकारको एकाइले अनुच्छेद वा सङ्कथनको निर्माण गर्छ ।

१.३.१ **वाक्यको प्रकार**

वाक्यको वर्गीकरण संरचना वा प्रकार्य वा अर्थका आधारमा गरिन्छ :

१) संरचनाका आधारमा वाक्यको वर्गीकरण

संरचनाका आधारमा वाक्यलाई मुख्यतः सरल र जटिल गरी दुई प्रकारले वर्गीकरण गरिन्छ। जटिल वाक्यलाई संयुक्त, मिश्र र मिलित गरी तीन उपभेद गरेको पाइन्छ । यसमा वाक्यलाई निम्नलिखित चार प्रकारमा बाँडिएको छ ।

क) सरल वाक्य

एउटा मात्र स्वतन्त्र उपवाक्य रहने वाक्यात्मक एकाईलाई सरल वाक्य भनिन्छ। सरल संरचना भएको वाक्य सरल वाक्य हो । सरल वाक्यलाई मूल वाक्य वा आधारभूत वाक्य पनि भनिन्छ। परम्परित व्याकरणमा असमापिका क्रिया भएको स्वतन्त्र उपवाक्यलाई पनि सरल वाक्य मानेको पाइन्छ, तर आधुनिक भाषाविज्ञानले यस कुरालाई मान्दैन ।

नेपालीमा केही सरल वाक्यको उदाहरण तल दिइन्छ :

१. किताब निस्कियो ।

२. गुरु रामलाई पाठ पढाउनुहुन्छ ।

४. सबैले उनलाई नेता बनाए ।

५. महाकवि लक्ष्मीप्रसाद देवकोटाले असाध्यै राम्रो किताब मुनामदन लेखे ।

सरल वाक्यका मुख्य - मुख्य पहिचान वा विशेषता यस प्रकार औँल्याउन सकिन्छ।

१. एउटा स्वतन्त्र उपवाक्य हुनु,

२. एउटा मात्र समापिका क्रिया हुनु,

३. असमापिका क्रिया नहुनु,

४. एउटा उद्देश्य र एउटा विधेय हुनु ।

ख) संयुक्त वाक्य

दुई वा दुई बढी परम्पर समान स्वाधीन (स्वतन्त्र) सरल वाक्य मिलेर बनेको जटिल वाक्यलाई संयुक्त वाक्य भनिन्छ (पौड्याल, २०६८, पृ.१३३) यसका सबै उपवाक्यहरू स्वतन्त्र हुन्छन् र क्रिया पनि समापिका नै हुन्छ। यसका उपवाक्यहरूलाई र, वा, अनि, हुनत, अथवा, तथापि नत्र, किन्तु, परन्तु, अतएव, तर चाहिँ, तथा, एवम् कि.......कि, न.....न, पनि .......पनि आदि निरपेक्ष संयोजकले जोडेको हुन्छ ।

संयुक्त वाक्यहरू निम्न प्रकारका हुन्छन्ः

१. समुच्चायक संयुक्त वाक्य - मैले दुईवटा किताब किनें र भाइले एउटा किताब किन्यो ।

२. वैकल्पिक संयुक्त वाक्य- त्यो पगरी हो अथवा धोती हो ।

३. व्यतिरेकी संयुक्त वाक्य- यो बुढो भयो, तर यसको बानी सप्रेन ।

४. कारणवाचक संयुक्त वाक्य - आज अनुपस्थित हुन्छ, किनभने मलाई घर जानु छ।

५. सङ्केतवाचक संयुक्त वाक्य - कलम लिएर जा, नत्र लेख्न नपाउलास् ।

६. क्रमवाचक संयुक्त वाक्य - पहिला बिजुली चम्क्यो अनि उज्यालो भयो ।

७. शीघ्रतावातक संयुक्त वाक्य - हल्ला गरिस् कि पिटाई खाइस् ।

संयुक्त वाक्यका मुख्यमुख्य पहिचान एवम् विशेषताहरू यस प्रकार छन् ः

१. दुई वा दुई भन्दा बढी उपवाक्यहरूबाट निर्मित हुनु,

२. सबै उपवाक्यहरू स्वतन्त्र हुनु,

३. उपवाक्यहरूलाई निरेपेक्ष संयोजकले जोड्नु,

४. उपवाक्यहरूलाई समापिका क्रिया प्रयुक्त हुनु ।

ग) मिश्र वाक्य

एउटा प्रधान वा मुख्य उपवाक्य र एक वा एकाधिक अधीन वा आश्रित उपवाक्य मिलेर बनेको जटिल वाक्यलाई मिश्र वाक्य भनिन्छ। (पौड्याल, २०६८, पृ.१३४) यसको आश्रित उपवाक्य नाम उपवाक्य, विशेषण उपवाक्य वा क्रियाविशेषण उपवाक्य हुन्छ। स्वतन्त्र र आश्रित उपवाक्यलाई भनी, भन्ने, किनभने, के भने, यदि, त, पो, तापनि, जो, जे जुन, जति, जसरी त्यसरी, जो - त्यो, जहाँ - त्यहाँ आदि सापेक्ष संयोजकले जोडेका हुन्छन् ।

केही मिश्रवाक्यको उदाहरण तल दिइन्छ।

१. देशको भलो चिनाउनु पर्छ भन्ने विचार राम्रो हो ।

२. तिमीलाई जुन मन पर्छ, त्यही पुस्तक लैजाऊ ।

३. तपाईँ जहा मन पर्छ त्यहाँ बस्नुहोस् ।

मिश्रवाक्यमा मुख्यमुख्य पहिचान एवम् विशेषताहरू यस प्रकार छन्ः

१. दुई वा दुई भन्दा बढी उपवाक्य हुनु,

२. एउटा उपवाक्य मुख्य वा अनाश्रित र अन्य उपवाक्य आश्रित हुनु,

३. अनाश्रित उपवाक्य समापिका वा असमापिका क्रियाबाट निर्मित हुनु,

४. आश्रित उपवाक्य समापिका वा असमापिका क्रियाबाट निर्मित हुनु,

५. आश्रित उपवाक्य नाम उपवाक्य, विशेषण उपवाक्य वा क्रियाविशेषण उपवाक्यमध्ये कुनै एउटा हुनु ।

(घ) मिलित वाक्य

दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्य र घटीमा एउटा आश्रित उपवाक्य भएको भाषिक संरचनालाई मिलित वाक्य भनिन्छ (पौड्याल, २०६८, पृ.१३४) । यो सरल वा संयुक्त र मिश्रवाक्यको मिश्रण हो ।

मिलित वाक्यको केही उदाहरण तल दिइन्छः

१. सबैले सत्यको विजय हुन्छ भने, तर उसले सधैँ त्यस्तो हुँदैन भनेर मानेन ।

२. श्याम पहिला भएर रमायो र घर फर्कियो अनि सबैलाई मैले खूब पढेको थिएँ भनी आफ्नो सफलताको कथा सुनायो ।

३. देश विकसित भयो भनी सबै भन्छन्, तर विकासको कुनै लक्षण देखिएन भनी जनता कराइरहेका छन् ।

मिलित वाक्यको पहिचान एवम् विशेषताहरूः

१. दुई वा दुईभन्दा बढी अनाश्रित उपवाक्य हुनु,

२. कम्तीमा एउटा आश्रित उपवाक्य हुनु,

३. सरल वा संयुक्त र मिश्र वाक्यको सम्मिश्रण हुनु,

४. सापेक्ष र निरपेक्ष दुवै संयोजक हुनु,

२) प्रकार्य वा अर्थका आधारमा वाक्यको वर्गीकरण

प्रकार्य वा अर्थका आधारमा वाक्यहरू निम्नलिखित चार प्रकार हुन्छन् ।

क) सामान्य वाक्य

कुनै विषयबारे तोकेर सूचना दिने वाक्यलाई सामान्य वाक्य भनिन्छ। सामान्य कथनमा अवरोही अनुतान हुन्छ, जस्तै-

१. भोक लाग्यो

२. आज नारी दिवस हो ।

३. आज कलेजमा कुनै कार्यक्रम हुँदैन ।

४. भोलि बेलुका म घर पुग्नु छ ।

ख) प्रश्न वाक्य

कुनै विषयमा सूचना माग्ने वाक्यलाई प्रश्न वाक्य भनिन्छ। प्रश्न वाक्यमा आरोही अनुतान हुन्छ। यसमा को, के, कहाँ कति, कहिले आदि प्रश्नार्थक सर्वनाम पनि थपिन सक्छन्, जस्तैः

१. भोक लाग्यो ?

२. नारी दिवस कहिले हो ?

३. के आज कलेजमा कुनै कार्यक्रम हुँदैन ?

४. भोलि कतिखेर तिमी घर पुग्छौं ?

ग) आज्ञार्थक वाक्य

आज्ञा जनाउने वाक्यलाई अज्ञार्थक वाक्य भनिन्छ। आज्ञार्थक वाक्यमा कर्ता नरहन पनि सक्छ, तर क्रिया अवश्य रहन्छ।

१. धेरै बकबक नगर।

२. चुप लागेर सुत।

३. परीक्षाको राम्रो तयारी गर।

४. हाम्रो माग पूरा गर।

घ) विस्मयादिबोधक वाक्य

मनका आकस्मिक भाग खुसी, रिस, घृणा, दया, माया आदि जनाउने वाक्यलाई विस्मयादिबोधक वाक्य भनिन्छ।

१. छ्या ! कस्तो फोहोर।

२. आत्था ! आगोले पोल्यो

३. कठै ! विचरा त लड्यो।

४. छि ! कति गनगन गरेको।

१.४ वाक्यात्मक कार्य

वाक्यमा शब्दले कर्ता, कर्म, विधेय, पूरक र क्रियाविशेषक भएर काम गर्छ। क्रियाविशेषणबाहेक अरूलाई अनिवार्य वाक्य तत्त्व र क्रियाविशेषणलाई ऐच्छिक वाक्य तत्त्व भनिन्छ। त्यसैले क्रियाविशेषण भए पनि नभए पनि वाक्यात्मक कार्य सम्पन्न भई वाक्य पूरा हुन्छ।

१) कर्ता

कर्ताले वाक्यका क्रियामा उल्लिखित कार्यव्यापार सम्पन्न गर्ने कार्य गर्छ। यसले उद्देश्यको व्याकरणात्मक कार्य गर्छ। यो अनिवार्य तत्त्व हो। यो बिना वाक्यको निर्माण हुँदैन। कर्ता वाक्यमा क्रियाभन्दा पहिला आउँछ। यो नामिक, नाम पदावली वा नाम मात्र पनि हुन्छ। यसले क्रियासँग लिङ्ग, वचन र पुरुषको सङ्गति राख्छ।

| वाक्य | कर्ता/उद्देश्य |
|---|---|
| मान्छे लडे। | मान्छे |
| कमजोर मान्छे हारेर भाग्यो। | कमजोर मान्छे |
| हिउँ पग्लियो। | हिउँ |
| चोर पक्रियो। | चोर |

२) विधेय

कर्ताका विषयमा विधान गर्नु विधेयको व्याकरणात्मक कार्य हो। यो वाक्यको अनिवार्य तत्त्व हो। विधेय क्रियाको रूपमा वाक्यमा प्रयुक्त हुन्छ र नेपाली वाक्यका अन्त्यमा आउँछ। यसले वाकयमा कर्म, पूरक र क्रियाविशेषणको निर्धारण गर्ने कार्य गर्दछ। कर्तासँग लिङ्ग, वचन र पुरुषको सङ्गति हुन्छ।

| वाक्य | विधेय |
|---|---|
| भाइ लड्यो। | लड्यो |
| कुकुर भुक्छ। | भुक्छ |
| चरो उड्यो। | उड्यो |
| पानी पर्‍यो। | पर्‍यो |

३) कर्म

कर्म पनि सकर्मक वाक्यमा अनिवार्य वाक्यात्मक कार्य गर्ने एउटा तत्त्व हो। यसले वाक्यमा भोक्ता वा फल व्यहोर्ने कार्य गर्दछ। वाक्यमा यो नामिक, नाम पदावली वा नामका रूपमा आउँछ। वाक्यमा यो उद्देश्यभन्दा पछि र क्रियाभन्दा अघि आउँछ।

| वाक्य | कर्म |
|---|---|
| बाँदरले स्याउ खायो। | स्याउ |
| भाइ पुस्तक पढ्छ। | पुस्तक |
| मैले चिठी लेखेँ। | चिठी |
| भाइको खबर आयो। | खबर |

४) पूरक

अकर्मक क्रिया भएको वाक्यमा उद्देश्यभन्दा भिन्न तथा सकर्मक क्रिया भएको वाक्यमा उद्देश्य र कर्मभन्दा भिन्न शब्दलाई पूरक भनिन्छ। यो नामिक, नाम, पदावली, नाम वा विश्लेषण पनि हुन्छ। यो कतृपूरक र कर्म पूरक गरी दुई प्रकारको हुन्छ।

| वाक्य | पूरक |
|---|---|
| राम नेता हो। | नेता (नाम) |
| राम असल छ। | असल (विशेषण) |
| साथीहरूले श्यामलाई गुरु बनाए। | गुरु (कर्म पूरक) |
| म विद्यार्थी हुँ। | विद्यार्थी (कर्ता पूरक) |

५) क्रियाविशेषक

वाक्यमा क्रियाविशेषकले ऐच्छिक कार्य गर्दछ। यसले मुख्यतः समय, स्थान, अवधि, रीति आदि बुझाउने काम गर्छ। वाक्यमा क्रियाविशेषकको निर्धारित स्थान नहुने हुँदा यो वाक्यको अगि वा पछि कुनै पनि स्थानमा आउन सक्छ। यो विना पनि वाक्य पूरा हुनेहुँदा यसलाई ऐच्छिक रूपमा वाक्यात्मक कार्य गर्ने तत्त्वका रूपमा स्वीकारिएको छ।

| वाक्य | क्रियाविशेषक |
|---|---|
| आज शहीद दिवस हो। | आज (समय) |
| उनी विद्यालयमै बस्छन्। | विद्यालयमै (स्थान) |
| जाडो विदा १७ माघसम्म छ। | १७ माघसम्म (अवधि) |
| उनी बिस्तारै आए। | बिस्तारै (रीति) |

निष्कर्षतः वाक्यका विभिन्न घटकहरूका बारेमा गरिने कार्य नै वाक्यको विश्लेषण भनिन्छ र त्यसो गरी निष्कर्षसम्म पुग्न सकिन्छ।

१.२.३ आसक्ति

आसक्तिको अर्थ समीपता हो। यसलाई सन्निधि पनि भनिन्छ। वाक्यमा प्रयुक्त पद लगातार वा क्रमबद्ध रूपमा उच्चरित हुन समीपताको अभिप्राय हो। बीचमा आवश्यकताभन्दा बढी समय दिनाले पदको क्रम टुटछ र त्यो वाक्य हुँदैन। "मैले भाषाविज्ञानको पुस्तक लेखेको छु' मा मैले भाषा आज भन्यो त्यसको भोलिपल्ट वा एक दुई घण्टापछि विज्ञानको त्यसको केही समयपछि पुस्तक लेखेको छु भनेर समयको अधिक व्यवधान हुनासाथ यो वाक्य पनि बन्दैन र यसबाट कुनै अर्थ पनि निस्कँदैन, उसका लागि समयको सान्निध्य वा समीपता अनिवार्य छ। यसबाट वाक्य क्रमबद्ध हुन सकोस्।

यस प्रकार विश्वनाथले आकाङ्क्षा, योग्यता र आसत्तिले युक्त पदको समूहलाई महावाक्य नाम दिइएका छन्। यसै प्रकार उक्त गुणको युक्त वाक्यका समूहलाई महावाक्य नाम दिइएको छ। सबै काव्य, महाकाव्य, उपन्यास आदि ग्रन्थलाई महावाक्य भन्न सकिन्छ। केही विद्वानूहरू आकाङ्क्षा, योग्यता र आसत्तिका अतिरिक्त दुई अन्य तत्त्वको पनि उल्लेख गर्दछन् - सार्थकता र अन्विति, वस्तुत यी दुवै तत्त्व योग्यतामा नै आइसकेका छन् (द्विवेदी, १९९४,पृ.३२३)।

### ३. निष्कर्ष

भाषाको महत्त्वपूर्ण एकाइका रूपमा वाक्यलाई लिइन्छ। वाक्य पद, पदावली, उपवाक्यका सोपानिक क्रममा सबभन्दा माथिल्लो एकाइका रूपमा लिइन्छ। वाक्यभन्दा माथिल्लो एकाइलाई महावाक्य वा सङ्कथन भनिन्छ। वाक्य एक वा एकाधिक पदबाट बन्ने हुनाले वाक्यमा यति नै शब्द हुन्छन भनेर भन्न सकिन्न। वाक्य एउटा पूरा कुरा बुझाउने भाषिक संरचना हो। यसको प्रयोग दुई खाली ठाउँका अन्तरालमा गरिन्छ र पूर्णता बुझाउन पूर्ण विराम चिह्न लगाइन्छ।

### सन्दर्भ सामग्री

द्विवेदी, कपिलदेव (सन् १९९४). भाषाविज्ञान एवम् भाषाशास्त्र वाराणसीः विश्वविद्यालय प्रकाशन।

न्यौपाने टङ्कप्रसाद (२०५१). भाषाविज्ञानको रूपरेखा धरानः नेपाली बुक डिपो।

पराजुली, कृष्णप्रसाद. (२०५०). राम्रो रचना मीठो नेपालीः सहयोगी प्रेस।

पौड्याल, कृष्णविलास (२०६१). भाषाविज्ञान कीर्तिपुरः दीक्षान्त पुस्तक भण्डार।

........................ (२०६८)ः भाषाविज्ञान र नेपाली भाषा. भोटाहिटीः नवीन प्रकाशन। शर्मा, देवेन्द्र र दीप्ति शर्मा. (सन् २००२). भाषाविज्ञानकी भूमिका. राधाकृष्ण। **Email : maulamsal@gmail.com**

ISSN NO . 2676–1297